# स्वास्थ्य शिविर सञ्चालन सम्वन्धी जानकारी :

हिमालयन नेपाल फाउन्डेसन मुनाफा वितरण नगर्ने कम्पनीको रुपमा २०६५ साल पुष ७ गते कम्पनी ऐन २०६३ अन्तरगत स्थापना भएको प्राईभेट कम्पनी हो । यसले आफ्नो स्थापना काल देखिनै प्रबन्ध पत्र तथा नियमावलीमा उल्लेख गरे अनुसारका कामहरु विशेषत, गरिब असहाय तथा जेहेन्दार विद्यार्थीरुको लागि छत्रबृद्धि प्रदान, क्यान्सर, भुकम्प तथा दैविक प्रकोप पिडितहरुलाई सहयोग जस्ता कामहरु गर्दै आएको छ । यसै सिलसिलामा फाउन्डेसनको आयोजना तथा नारायणी उच्च मा.वी. गिम्दी ललितपुरको व्यवस्थापनमा आगामी पुष २५ र २६ गते (सोमबार र मंगलवार) स्वास्थ्य शिविर सञ्चालन हुने हुँदा उक्त शिविरमा उपस्थित भई स्वास्थ्य परिक्षण गराउन हुन अनुरोध गरिन्छ ।

## स्वास्थ्य शिविरमा उपलव्ध सेवाहरुः

- स्त्रिरोग, बालरोग, नाककान घांटी र सामान्य स्वास्थ्य जांच सेवा गराईने छ ।

**शिविर सञ्चालन हुने स्थानः** ललितपुर जिल्ला गिम्दी गा.वि.स वडानं ५ मा अवस्थित नारायणी उच्च माध्यामिक विद्ययालयको हाताभित्र ।

## शिविर सञ्चालन हुने समय :

- २०७३ पुष २५ गते सोमबार बिहान १०:०० बजेदेखी बेलुकी ५:०० वजे सम्म
- २०७३ पुष २६ गते मंगलवार बिहान ९:०० बजेदेखी बेलुकी ३ :०० वजे सम्म

## शिविरमा आउन जानको लागि निम्न बमोजिम यातायात सुविधाको व्यवस्था गरिएको छ ।

| गते | समय | गाडी लाग्ने स्थान | पुग्ने स्थान |
|---|---|---|---|
| २०७३ पुष २५, सोमवार | विहान १०:०० | ठुलादुर्लुङ हुचीटार | शिविर स्थल |
| | दिउँसो १:०० | गिन्दी कटुवा | शिविर स्थल |
| | दिउँसो २:०० | शिविर | ठुलादुर्लुङ हुचीटार |
| | दिउँसो ४:३० | शिविर | गिन्दी कटुवा |
| २०७३ पुष २६, मंगलवार | विहान ८:०० | आश्राङ्गको लुकुनी | शिविर |
| | विहान ११:०० | नागटार गिम्दी | शिविर |
| | दिउँसो १:०० | शिविर | आश्राङ्गको लुकुनी |
| | दिउँसो ३.३० | शिविर | नागटार गिम्दी |

नोटः नारायणी उच्च मा.वी.का सम्पूर्ण विद्यार्थीहरुका लागी अनीवार्य स्वास्थ्य परिक्षण गरिनेछ । साथै छिमेकी विद्यालयका विद्यार्थीहरु शिविर सम्म आउन सकेमा विशेष प्राथमिकताकासाथ परिक्षण गरिनेछ ।